Australian Government
Department of Health

Australian Government
Aged Care Quality and Safety Commission

# वृद्ध हेरचाह अधिकारहरूको बडापत्र

मेरा निम्न अधिकारहरू छन्:

1. सुरक्षित र उच्च गुणस्तरको हेरचाह र सेवाहरू;
2. मर्यादा र सम्मानसँग व्यवहार गरिने;
3. मेरो पहिचान, संस्कृति र विविधतालाई महत्व दिने र समर्थन गरिने;
4. दुर्व्यवहार र उपेक्षा बिना बाँच्ने;
5. मैले बुझ्ने तरिकाले मेरो हेरचाह र सेवाहरूको बारेमा जानकारी पाउने;
6. मेरो अधिकार, हेरचाह र सेवाहरूबारे जानकारी सहित मेरो बारेमा सबै जानकारी पहुँच गर्ने;
7. मेरो हेरचाह, व्यक्तिगत र सामाजिक जीवनबारे, र केही छनौट गर्दा व्यक्तिगत जोखिमहरू समावेश हुन्छन् भने सोको नियन्त्रण मैले गर्न पाउने;
8. मेरो दैनिक जीवनका व्यक्तिगत पक्षहरू, आर्थिक मामिलाहरू र सम्पत्तिहरूमाथि नियन्त्रण र निर्णयहरू गर्न पाउने;
9. मेरो स्वतन्त्रता;
10. मेरा कुरा सुनिदिने र बुझिदिने;
11. वृद्ध हेरचाह अधिवक्ता सहित मेरो रोजाइको व्यक्ति पाउने, जसले मलाई सहायता गरून् वा मेरो तर्फबाट बोलून्;
12. प्रतिशोधबाट मुक्त उजुरी, र मेरा गुनासाहरू निष्पक्ष रूपमा र तुरुन्तै समाधान हुनु पर्ने;
13. व्यक्तिगत गोपनीयता र मेरो व्यक्तिगत जानकारी सुरक्षित रहने;
14. मलाई व्यवहार गर्ने तरिकालाई प्रतिकूल असर नगरी मेरो अधिकारहरूको प्रयोग गर्ने।

## उपभोक्ता

उपभोक्ता (वा अधिकृत व्यक्ति) को हस्ताक्षर (हस्ताक्षर गर्न छनौट गर्दै हुनुहुन्छ भने)

उपभोक्ताको नामथर

अधिकृत व्यक्तिको नामथर (यदि लागू भएमा)

## प्रदायक

प्रदायकको कर्मचारी सदस्यको हस्ताक्षर र नामथर

प्रदायकको नाम

/ /

उपभोक्तालाई बडापत्रको प्रतिलिपि दिइएको मिति

/ /

उपभोक्ता (वा अधिकृत व्यक्ति) लाई बडापत्रमा हस्ताक्षर गर्ने अवसर दिइएको मिति

# वृद्ध हेरचाह अधिकारहरूको बडापत्र

## उपभोक्ताहरू

उपभोक्ताहरूलाई वृद्ध हेरचाह अधिकारहरूको बडापत्र (बडापत्र) मा हस्ताक्षर गर्ने विकल्प छ। उपभोक्ताहरूले हस्ताक्षर नगर्ने छनौट गरे पनि हेरचाह र सेवाहरू प्राप्त गर्न सक्छन्।

यदि उपभोक्ताले बडापत्रमा हस्ताक्षर गर्ने निर्णय गर्छन् भने, उनीहरूले स्वीकार गर्दैछन् कि उनीहरूको प्रदायकले उनीहरूलाई बडापत्रको प्रतिलिपि दिएका छन्, र उनीहरूलाई बुझ्न मद्दत गरेका छन्:

- वृद्ध हेरचाह सेवाको सम्बन्धमा उपभोक्ता अधिकारहरूका बारेमा जानकारी; र
- बडापत्र अन्तर्गत उपभोक्ता अधिकारहरूबारे जानकारी।

## प्रदायकहरू

वृद्ध हेरचाह कानून अन्तर्गत, प्रदायकहरूले उपभोक्ताहरूलाई उनीहरूको अधिकारहरू बुझ्न मद्दत गर्न र प्रत्येक उपभोक्तालाई बडापत्रमा हस्ताक्षर गर्ने उचित अवसर दिन जरुरी छ। प्रदायकहरूले उपभोक्ताहरूलाई बडापत्रको प्रतिलिपि दिनुपर्छ जसमा निम्न कुराहरू तोकिएका छन्:

- प्रदायकको कर्मचारी सदस्यको हस्ताक्षर;
- प्रदायकले उपभोक्तालाई बडापत्रको प्रतिलिपि दिएको मिति; र
- प्रदायकले उपभोक्ता (वा अधिकृत व्यक्ति) लाई बडापत्रमा हस्ताक्षर गर्ने अवसर दिएको मिति;
- उपभोक्ता (वा अधिकृत व्यक्ति) को हस्ताक्षर (उनीहरूले हस्ताक्षर गर्न छनौट गर्दैछन् भने); र
- उपभोक्ताको नामथर (र अधिकृत व्यक्तिको, यदि लागू भएमा)।

प्रदायकले आफ्नो अभिलेखको लागि हस्ताक्षर गरिएको बडापत्रको प्रतिलिपि राख्नु पर्छ।